# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

भरतपुर, चितवन, नेपाल

पो.बक्स नं. ३४, फोन नं. ०५६-५१४५०१, वेभसाइटः www.bpkmch.org.np


प.सं. ०८१/०८२

चलानी नं. २२३६

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशित मिति २०८१/११/१९)**

यस अस्पतालमा खुला प्रतियोगिताद्वारा देहाय बमोजिमका पदमा **सेवा करारमा** पदपूर्ति गर्न आवश्यक भएको हुँदा मिति २०८१/१०/२९ मा प्रकाशित यस विज्ञापनमा कोही पनि उम्मेदवारको आवेदन नपरेकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८१/११/२८** भित्र दरखास्त फाराम पेश गर्नुहुन पुनः यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह, तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | १२-०८१/०८२ | रजिष्ट्रार | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), कार्डियोलोजी , नवौं | १ (एक) |

**आवश्यक शैक्षिक योग्यता र अनुभवः**

१. रजिष्ट्रार, नवौं तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि हासिल गरी सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल वा इर्न्टनल मेडिसिनमा स्नातकोत्तर पश्चात कार्डियोलोजी विषयमा कम्तीमा १(एक) वर्षको फेलोसिप वा डि.एम. वा सो सरह उपाधि हासिल गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता ।

**नोटः**

१. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको वेबसाइट www.bpkmch.org.np बाट डाउनलोड गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ । दरखास्त फारामहरु बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको कार्यालयमा बुझाउनु पर्नेछ । सबै पदहरुको पाठ्यक्रम वेबसाइटमा राखिनेछ ।

२. दरखास्त बुझाउने समय : कार्यालय समय सम्म ।

३. परीक्षा दस्तुरः- पाँचौं तहको लागि रु.४००।-, सातौं तहको लागि रु.१०००।- र नवौं तहको लागि रु.१,२००।- लाग्नेछ । दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडमा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

४. दरखास्तको लागि योग्यताः

(क) अधिकृत तहको पदमा २१ वर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको तथा सहायकको उमेर १८ वर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको (ख) भविष्यमा सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको (ग) नेपाली नागरिक (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको ।

५. परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

६. निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछः-

(क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) प्राविधिक (स्वास्थ्य) सेवा अन्तर्गतका पदका लागि सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र ।

७. तलव र सुविधाः वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नियमानुसार ।

८. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ ।

९. परीक्षा सम्वन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१०. तोकिएका प्रक्रियाहरु पुरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न अस्पताल बाध्य हुनेछैन ।

.........................

डा. उमेश नेपाल

नि. कार्यकारी निर्देशक